गण्डकी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा

सम्पर्क नं ९८५६०५१००६
०६३-४०३००६

प.स:०८३/०८४
च.नं:

दोस्रो पटक सूचना प्रकाशन मिति २०८३/०५/२६

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जाको चालु आ.व २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक गण्डकी प्रदेशका कृषक, फर्म, कम्पनी, समूह, समिति वा सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र उल्लेखित आवश्यक कागजातहरु संलग्न गरि मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा वा सम्वन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क.स | कार्यक्रम | अनुदान प्रतिशत | आवेदक | बजेट (रु हजारमा) | संचालन गर्न सकिने क्रियाकलापहरु | कार्यविधि/ मापदण्ड |
|---|---|---|---|---|---|---|
| १ | मत्स्य विकास सम्वन्धी कार्यक्रम | पोखरी निर्माण: लागतको ५०% (प्रति रोपनी बढिमा रु २५,०००)<br>पोखरी मर्मत: लागतको ५०% (प्रति रोपनी बढिमा रु १०,०००)<br>मत्स्य पालन सामाग्री खरिद: लागतको ५०% (बढिमा रु ८०,०००) | कृषक, निजी फर्म, कम्पनी, समूह, समिति वा सहकारी संस्था । | ६००० | नयाँ मत्स्य पोखरी निर्माण, पुरानो मत्स्य पोखरी मर्मत, मत्स्यपालनसँग सम्वन्धित उपकरण तथा सामाग्री खरिद | मत्स्य विकास सम्वन्धी कार्यक्रम संचालन मापदण्ड-२०७७ र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०८१ बमोजिम। |
| २ | रेन्बो ट्राउट माछापालनको लागि रेश्वे निर्माण तथा विस्तार सहयोग | लागतको ५०% | कृषक, निजी फर्म, कम्पनी, समूह, समिति वा सहकारी संस्था । | २००० | नयाँ रेश्वे निर्माण तथा विस्तार | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकिकृत कार्यविधि,२०८१ बमोजिम। |
| ३ | रेन्बोट्राउटको अण्डा तथा भुरा खरिदमा अनुदान सहयोग। | लागतको ७५% | कृषक, निजी फर्म, कम्पनी, समूह, समिति वा सहकारी संस्था । | १००० | रेन्बोट्राउटको अण्डा, भुरा खरिद कार्य। | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकिकृत कार्यविधि,२०८१ बमोजिम। |

आविस्कार पोखेल
मत्स्य विकास अधिकृत
नि. केन्द्र प्रमुख

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा

सम्पर्क नं ९८५६०५१००६
०६३-४०३००६

प.सः०८३/०८४
च.नं:

आवश्यक कागजातहरू:

१. रु १० को टिकट सहित निवेदन र परियोजना प्रस्ताव ।
२. नेपाली नागरिकताको प्रतिलिपि।
३. निजी फर्म/समूह/ समिति/ सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपि,कर चुक्ता प्रतिलिपि र गत आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदन ।
४. भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपी।
५. सहकारी/समुहको हकमा संचालक समितिको निर्णय।
६. व्यवसायदर्ता प्रमाण पत्रको प्रतिलिपि।
७. फर्म दर्ता भएको स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा लिज वा करारमा लिएको भएमा कम्तिमा १०-१५ वर्ष सम्मको करार सम्झौता पत्रको प्रतिलिपि।
८. लागत साझेदारीमा काम गर्न इच्छुक भएको प्रतिबद्धता पत्र।
९. सम्बन्धित वडा वा स्थानीय तहको पशु सेवा शाखा वा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयको सिफारिस पत्र।
१०. अघिल्लो दुई आर्थिक बर्षमा कुनै कार्यालयवाट अनुदान लिए नलिएको स्वघोषणा पत्र।

*नोटः यस सूचना, निवेदन तथा परियोजना प्रस्तावको ढाँचा मत्स्य विकास केन्द्र, मिर्मी वा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय वाट प्रस प्राप्त गर्न सकिनेछ । साथै उल्लेखित कार्यक्रम संचालन मापदण्ड संशोधन भएमा सोही अनुसार हुनेछ।*

विस्तृत जानकारीको लागि सम्पर्क नं ९८५६०५१००६ तथा ९८६५८१८७७१ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

आविस्कार पोखेल
मत्स्य विकास अधिकृत
नि. केन्द्र प्रमुख

गण्डकी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा
सम्पर्क नं ९८५६०५१००६
०६३-४०३००६

प.स:०८३/०८४
च.नं: ९३

मिति: २०८३/०५/२६

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरु सबै,
श्री कृषि तथा पशु विकास कार्यलय, मनाङ र मुस्ताङ।
श्री पशु सेवा शाखा सबै।

<u>विषय: सूचना टाँस सम्बन्धमा।</u>

प्रस्तुत विषयमा यस मत्स्य विकास केन्द्रको आ.व २०८३/८४ को वार्षिक स्विकृत कार्यक्रम अनुसार विभिन्न कार्यक्रमहरुको आवेदन पेश गर्ने सम्वन्धी सूचना यसै पत्र साथ संलग्न छ। उक्त सूचना तहाँ केन्द्रको वेभसाइट, फेसबुक पेज तथा सूचना पाटीमा टाँस गरिदिनुहुन तथा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरुले संकलन भएको आवेदन सोहि केन्द्रमा दर्ता गरिदिनुहुन अनुरोध छ।

.............................
आविस्कार पोखेल
नि. केन्द्र प्रमुख